Australian Government
Australian Taxation Office

# तपाईंको कर फिर्ता (tax return) दाखिला गर्न कसरी तयार हुने

प्रायजसो मानिसहरूले कर फिर्ता पूरा गर्नुपर्छ र यसलाई हरेक वर्ष Australian Taxation Office (ATO) मा दाखिला गर्नुपर्छ। तपाईंको कर फिर्तामा तीन चरणहरू समावेश छन्: **सङ्कलन, तयारी** र **दाखिला।**



## चरण १ · सङ्कलन गर्नुहोस्

आवश्यक जानकारीहरू सङ्कलन गर्नुहोस्।

ATO लाई तपाईंले आर्थिक वर्षको दौडानमा कति पैसा कमाउनुभयो (आम्दानी) र तपाईंले कुन कटौतीहरू दाबी गर्न सक्नुहुन्छ भनेर जान्न आवश्यक छ।

एक आर्थिक वर्ष १ जुलाई देखि ३० जुन सम्म हो।

तपाईँलाई आफ्नो निम्न जानकारीहरु आवश्यक पर्नेछ:

- कर फाइल नम्बर
- बैंक खाता विवरण
- आय विवरण
- कटौती र खर्च विवरण।



## चरण २ · तयार गर्नुहोस्

तपाईं आफ्नो कर फिर्ता कसरी गर्ने निर्णय गर्नुहोस्।

यदि तपाईँ आफ्नो कर फिर्ता आफै गर्दै हुनुहुन्छ भने तपाइँ myTax प्रयोग गरेर अनलाइन दाखिला गर्न सक्नुहुन्छ।

यदि तपाईंले दर्ता गरिएको कर एजेन्ट प्रयोग गर्दै हुनुहुन्छ भने, उनीहरूसँग कुरा गर्न भेटघाटको समय लिनुपर्छ।




## चरण ३ · दाखिला गर्नुहोस्

निर्धारित मिति भित्र आफ्नो कर फिर्ता गर्नुहोस्।

यदि तपाइँ आफ्नो कर फिर्ता आफै गर्दै हुनुहुन्छ भने, तपाईंले अक्टोबर ३१ सम्म दाखिला गर्न आवश्यक छ।

यदि कुनै दर्ता गरिएको कर एजेन्टले तपाईंलाई मदत गरिरहेको छ भने, तपाईंले ३१ अक्टोबरअघि उनीहरूसँग काम गर्न थाल्नुपर्छ।

ATO

**सहयोग चाहियो?**

ATO को वेबसाइट ato.gov.au/TaxTimeResources मा हेर्नुहोस्

NAT 75455NEP/A-07.2022 DE-46221